छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति: २०७४/१२/१२)

यस कार्यालयको लागि तपसिल बमिजिमका सामानहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी/ फर्म/ संस्थाहरुबाट निम्न शर्तहरुकोअधीनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| क्र. स. | ठेक्का नं | विवरण | परिमाण | | फारमदस्तुर रू. |
|---|---|---|---|---|---|
| १ | **01/074/75 CRM** | रंगिन (नीलो) कर्कटपाता | 94 Bundle | | १०००/- |
| २ | **02/074/75 CRM** | ह्युम पाइप | 12 (2.5mtr Piece) | 0.90 Dia | १०००/- |
| | | | 10 piece (2.5 mtr Piece) | 0.60 Dia | |
| | | | Total - 22 Piece | | |

१ आपुर्ति गर्ने इच्छुक कम्पनी/ फर्म/ संस्थाले सम्बन्धित निकायमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मु अ कर दर्ता प्रमाणपत्र र PAN दर्ता प्रमाणपत्र प्रतिलिपि, आ.व. ०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्र प्रतिलिपि नोटरी पब्लिक बाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

२ सिलबन्दी दरभाउपत्र फाराम रु १०००/- अक्षेरुपि एक हजार फिर्ता नहुने गरी तिरी यस कार्यालयबाट यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन (मिति २०७४/१२/२६) भित्र खरिद गरि १६ औं दिनको ठीक १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्नेछ । सो दिन विदा पर्न गएमा लगत्तै कार्यालय खुल्ने दिन हुनेछ ।

३ आपूर्तिकर्ताले यस कार्यालयले प्रमाणित गरेको दरभाउपत्र मात्र खरिद गरी दर्ता गर्नु पर्नेछ । साथै आपूर्तिकर्ताले आफ्नो दरभाउपत्र सिलबन्दी गरी रितपूर्वक सहिछाप गरी यस कार्यालयको ठेगानामा आपूर्तिकर्ताको नाम, ठेगाना तथा कुन कामकालागि दरभाउपत्र पेश गर्ने हो, सो कुरा स्पष्ट रूपमा उल्लेख गरी दर्ता गर्नुपर्नेछ । Item Wise दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ ।

४ दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा १६ औं दिनको अपरान्ह १२:०० बजे कर्कट पाताको र सोही दिन दिउसो ०२:३० वजे ह्युम पाइपको यस कार्यालयमा खोलिनेछ । सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा सिलबन्दी दरभाउपत्र खोलिनेछ । ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएका तथा रित नपुगेका वा कुनै शर्त उल्लेख भई आएका सिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन । साथै प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

५ सिलबन्दीदरभाउपत्रखरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, सम्बन्धित पेशावा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचीमा नपरेको भनी लिखित कवोल गरेको स्व-घोषणापत्र अनिवार्य रूपमासिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६ सिलवन्दी दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिबाट ४५ दिनको हुनेछ । दरभाउपत्र जमानत वापत कर्कट पाताको हकमा रु ३०,०००/- र ह्युम पाइपको हकमा रु २०,०००/- धरौटी रकम (पछि फिर्ता हुने गरि) यस कार्यालयको राष्टिय बाणिज्य बैक तम्घास गुल्मीमा रहेको धरौटी खाता नं ३०१०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको वाणिज्य बैकले यस कार्यालयको नाममा

जारी गरेको BID BOND पेश गर्नु पर्नेछ ।

७ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८ सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे वमोजिम हुनेछन ।

९ यो सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१० विस्तृत जानकारीका लागि कार्यालयको फोन नं. ९८५७०६७९०८, ९८५७०७२४९१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा,हर्दिनेटा, गुल्मी**